स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी माघ १९ गतेदेखि प्रदर्शनमा आउन लागेको राजु गिरीद्वारा निर्देशित फिल्म 'नम्बरी सुन'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'तिमी बर म पीपल' बोलको रोमान्टिक गीतमा प्रताप दास र अनु चौधरीको स्वर तथा अर्जुन पोखरेलको शब्द रचना र संगीत छ । गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटा एकअर्कासँग प्रेमिल देखिएका छन् । रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतमा मानकृष्ण महर्जनको छायांकन तथा मनोरन्जन श्रेष्ठको कलर छ ।

**आजको विचार...**



रिसव गौतम

घट्दो...
(दुई पेजमा)



पल शाह अहिलेको समयका राम्रो क्रेज भएका अभिनेता हुन् । म्यूजिक भिडियोबाट उनी घर-घरमा चिनिएका छन् । मेला-महोत्सवमा उनको नामले उर्लिने भीडले पनि यो प्रष्ट देखाउँछ । जेलमुक्त भएपछि उनी लगातार विभिन्न महोत्सवमा सहभागी भइरहेका छन् । यसैक्रममा, उनी धनगढीस्थित 'सुदूरपश्चिम महोत्सव'मा प्रस्तुति दिन पुगेका थिए । त्यहाँ उनलाई हेर्नका लागि १ लाख बढी दर्शक ओइरिएको बताइन्छ । आयोजकले भीड र टिकट व्यवस्थापन समेत सकेको थिएन । पललाई आफ्नो मोबाइलमा कैद गर्न र छुनका लागि दर्शकहरुबीच भएको हानाथाप रोचकलाग्दो देखिएको थियो ।

❒ वर्ष २९ ❒ अंक १४१ ❒ २०८० पुस ३ गते मंगलबार 19 December 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# प्याजको मूल्यमा अचाक्ली वृद्धि, किलोकै १५०

## अनुगमन गर्ने निकाय मौन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस २/भारत सरकारले प्याजको निर्यात रोकेपछि पाल्पामा प्याजको मूल्य अचाक्ली वृद्धि भएको छ । जिल्लामा गएको महिना प्रतिकेजी ८० देखि ९५ रुपैयाँ रहेको प्याजको मूल्य पछिल्लो दिन प्रतिकेजी एक सय ३० देखि एक सय ५० सम्म विक्री गरिएको छ । प्याजको मूल्य एक्कासी वृद्धि भएपछि स्थानीय उपभोक्ता मारमा परेका छन् । भारतले प्याज निर्यात रोकेको भन्ने थाहा पाएपछि स्थानीय विक्रेताले मनोमानी रूपमा प्याजको मूल्य बढाएको उपभोक्ताहरूको गुनासो छ ।

भारतबाट आउन छोडेपछि यहाँ पर्याप्त मात्रमा प्याज समेत पाइनै छाडेको छ । आक्कल झुक्कल कुनै पसलमा पाइने प्याज पनि अचाक्ली महँगो छ । कुनै व्यापारीहरुसँग यस अघि भएको प्याज पनि महँगोमा बिक्री भइरहेको छ । व्यापारीहरुले एक किलो प्याजको मूल्य एक सय ३० देखि एक सय ५० सम्म लिने गरेको उपभोक्ताहरु बताउँछन् । जबकी एक हप्ता अघि प्याज एक सय २० रुपैयाँमा प्रतिकिलो पाइन्थ्यो । भारतले निर्यात



रोकेको बहानामा व्यापारीहरुले स्टकमा रहेको प्याजको कृत्रिम अभाव सिर्जना गर्दै महँगोमा बेचिरहेको आशंका उपभोक्ताहरुको छ । भारतले मंसिर २२ देखि लागू हुने गरी प्याज निर्यातमा बन्देज लगाउने निर्णय गरेको थियो । भारतको वाणिज्य एवं उद्योग मन्त्रालयअन्तर्गतको विदेश व्यापार निर्देशनालयले सन् २०२४ मार्च ३१ सम्मका लागि प्याज निर्यात बन्देज गर्ने निर्णय गरेको छ । मूल्य अभिवृद्धि कर (भ्याट) विवादले नेपाली व्यवसायीले गत मंसिर १९ देखि प्याज आयात र बिक्री गरेनन् । उनीहरु केही समय आन्दोलित भए । व्यवसायीको हड्ताल र भारतको निर्यात बन्देजले आम उपभोक्तालाई प्रत्यक्ष मार परेको छ ।

व्यवसायीले स्टककै प्याजमा मूल्य बढाएपछि सर्वसाधारण महँगोमा किन्न बाध्य छन् । मंसिरको दोस्रो हप्तातिर प्रतिकिलो एक सय २० मा प्याज किनेर ल्याएको सोमबार त्यही पसलमा गएर किन्दा एक सय ५० भनेको तानसेनको भगवतीटोलमा भाडामा बस्दै आएकी सुकमाया सारुले बताईन् । उनले भनिन्,'हामी जस्ता निम्न आए भएकाहरुले अब प्याज पनि खान नसकिने भयो ।' 'प्याज जस्तो कुरामा किन एकै चटी अचाक्ली मूल्य बढाएको होला ?' तानसेनको एक किराना पसमा भेटिएकी कैलाशनगरकी मिना खत्रीले भनिन् । अस्तीसम्म त एक सय २० मा बेच्ने गरेको प्याज एकाएक एक सय ४०/५० मा किन्नु परेको उनको भनाई छ । खत्रीले व्यापारीहरुको मनपरीले आफुहरु मारमा परेको गुनासो गरिन् । जिल्लामा दैनिक कति प्याज खपत हुन्छ भन्ने कुनै पनि निकायसँग त्यो यकिन तथ्याङ्क छैन ।

व्यवसायीले मनोमानी रूपमा खाद्य वस्तुमा एकपछि अर्को मूल्य वृद्धि गरेपनि बजार अनुगमनको जिम्मा पाएका स्थानीय निकाय चुपचाप छन् । बजार अनुगमन गर्दै अस्वाभाविक मूल्य वृद्धिलाई रोक्नुपर्ने निकाय नै चुपचाप भएपछि उपभोक्ता मूल्य वृद्धिको चपेटामा पर्दै आएको उपभोक्ता अधिकार मञ्च केन्द्रका सदस्य माधव नेपालले बताए । उनले भने,'उपभोक्ताहरुबाट व्यापक गुनासो नआउँदासम्म यहाँका अनुगमन गर्ने निकायहरु मौन बस्छन्, जसका कारण उपभोक्ताहरु पटक -पटक महँगो मूल्य तिरेर खाद्यान्न उपभोग गर्न बाध्य छन् ।' आफुहरुले पनि बेला बेलामा सम्बन्धित निकालाई अनुगमन गर्न आग्रह गरे पनि चासो नदिने र दिए पनि प्रभावकारी रुपमा अनुगमन नगर्ने गरेको उनको गुनासो छ । स्थानीय निकायले पाएको अनुगमन तथा दण्ड जरिवानाको अधिकारलाई कडाइका साथ कार्यान्वयनमा नल्याएसम्म उपभोक्ता मूल्य वृद्धिको चपेटामा निरन्तर पर्ने नेपालको भनाइ छ ।

### सक्षिप्त समाचार


## कोरियामा विदेशीको संख्या १० प्रतिशतले वृद्धि

**(रासस/सिन्हुवा)**

**सोल,** पुस २/सन् २०२३ मा दक्षिण कोरियामा विदेशी बासिन्दाहरूको संख्या लगभग १० प्रतिशतले बढेको सोमबार तथ्याङ्क कार्यालयले देखाएको छ । कार्यालयका अनुसार दक्षिण कोरियामा कम्तीमा ९१ दिन बसेका १५ वर्षमाथिका विदेशी नागरिकको संख्या सन् २०२३ मा १४ लाख ३० हजार पुगेको छ । यो एक वर्षअघिको तुलनामा नौ दशमलव नौ प्रतिशतले बढी हो ।

यो सन् २०१७ मा सान्दर्भिक तथ्याङक सार्वजनिक गर्न थालेपछिको सबैभन्दा धेरै हो । दक्षिण कोरियामा बसोबास गर्ने चिनियाँ नागरिकको संख्या यस वर्ष तीन दशमलव छ प्रतिशतले बढेर एक लाख ३५ हजार पुगेको छ । यसैगरी भियतनामी नागरिकको संख्या १९ दशमलव एक प्रतिशतले बढेर दुई लाख एक हजार पुगेको छ । पाँच वर्षदेखि दक्षिण कोरियामा १५ वर्ष वा सोभन्दा माथिका अङ्गीकृत नागरिकको संख्या अघिल्लो वर्षको तुलनामा २०२३ मा दुई दशमलव पाँच प्रतिशतले घटेर ५१ हजारमा पुगेको छ । रोजगारी भएका विदेशी बासिन्दाको संख्या नौ दशमलव पाँच प्रतिशतले बढेर सन् २०२३ मा नौ लाख २३ हजार पुगेको छ । चालु वर्षमा अङ्गीकृत व्यक्तिको रोजगारीको संख्या शून्य दशमलव छ प्रतिशतले बढेर ३४ हजार पुगेको छ ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु



**पाल्पा,** पुस २/रूपन्देहीमा मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ ।


बुटवल उपमहानगरपालिका ५ स्थित सडकमा लु.१९ प ७४०० नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक नवलपरासी बर्दघाट नगरपालिका-४ का २४ वर्षीय पप्पु चमारको मृत्यु भएको हो । दुर्घटनामा उनी गम्भीर घाइते भएका थिए । घाइते उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । चमार हाल बुटवल उपमहानगरपालिका-९ पुरानो बसपार्कस्थित बाक्सा फ्याक्ट्रीमा काम गर्दै आएका थिए । दुर्घटनामा मोटरसाइकल पछाडी सवार एक जना घाइते भएका छन् । उनको अस्पतालमा उपचार भइरहेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पर्यटक लोभ्याउने रामपुरको वशिष्ठ गुफा

**रामपुर (पाल्पा),** पुस २/ कालीगण्डकी नदीको किनारमा अवस्थित वशिष्ठ गुफा क्षेत्रलाई आकर्षक पर्यटकीय क्षेत्रका रुपमा विकसित गरिने भएको छ ।

यसका लागि विभिन्न संरचना बनाएर व्यवस्थित गरिन लागिएको छ । पाल्पाको रामपुर नगरपालिका-४ स्थित भुलादीखोलाको भुद्रङ्गघाटमा रहेको गुफालाई स्थानीय सरकारले व्यवस्थित गर्न पछिल्लो समय विभिन्न पूर्वाधार निर्माणमा जोड दिएको छ । भुलादीखोलाको किनारमा करिब एक दर्जन बढी गुफा रहेका छन् । यसमध्ये यहाँ दुई गुफा ठूलो ओढार आकारमा छन् ।

गुफाभित्र शिवलिङ्ग, हात्तीका चित्र, शङ्ख, विभिन्न भगवान्का आकृतिलगायत आश्चर्यजनक चित्र छन् । गुफासम्म पुग्ने पैदलमार्ग,



पैदलमार्ग छेउमा फलामको बारबन्देज, भुलादीखोलामा झोलुङ्गे पुल, गुफाको बाहिरी भागमा ढोका, गुफाभित्र बिजुली बत्तीलगायतका पूर्वाधार निर्माण कार्य गरिएको रामपुर-४ का वडाध्यक्ष रामबहादुर रानाले बताए । 'पर्यटन क्षेत्रको प्रचुर सम्भावना बोकेको यस क्षेत्रमा आन्तरिक पर्यटक मात्र नभई बाहिरी पर्यटक भित्रिनेछन्', उनले भने, 'भौगोलिक हिसाबले प्राकृतिकरूपमा अवलोकन योग्य ठाउँ रहेको हुँदा गुफालाई व्यवस्थित गर्दै पर्यटन विकासका कार्यमा हामी अग्रसर भएर काम गरिरहेका छौँ ।' रामपुर नगरपालिकाले गुफा व्यवस्थित गर्दै माथिल्लो गुफामा पूर्णकदको रामको मूर्ति निर्माण गरेको छ । गुफामा रामको मूर्ति निर्माण गरिएपछि पर्यटकीय आकर्षण थपेको छ । गुफाभित्र पस्नेबित्तिकै भगवान् रामको मूर्तिले त्यहाँ पुग्ने जोकोही पनि तस्वीर खिचाउन, भिडियो खिच्न उत्साहित हुन्छन् ।

यस गुफाभित्र करिब दुई सय मानिस अट्ने क्षमता छ । सोही गुफा नजिकै तल्लो भागमा रहेको गुफा करिब पाँच सय बढी मानिस अट्ने क्षमताको छ । सो गुफाभित्र पसेपछि ठूलो ओढारमा गुफा फैलिएको देखिन्छ । भगवानका विभिन्न अनौठा प्रकृतिका चित्रले सबैलाई लोभ्याइरहेको हुन्छ । तल्लो स्थानमा रहेको गुफा तीन तला आकृतिमा रहेको छ । यहाँ रामसीता, वशिष्ठ ऋषि, लक्ष्मण, हनुमानको मूर्ति बनाएर राख्ने तयारी छ । गुफा अवलोकनमा अहिलेसम्म निःशुल्क व्यवस्था गरिएको छ ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## उखु किसानको मर्का बुझ

हरेक वर्ष उखु किसान मर्कामा परेका छन् । नगदे बालीका रूपमा रहेको उखु उधारोमा विक्री गर्दै आएका किसानले वर्षौंसम्म न चिनी मिलबाट बक्यौता रकम पाउँन सकेका छन् न त उखुको उचित मूल्य नै । सरकारी उदासिनताका कारण हरेक वर्ष आन्दोलनमा उत्रन बाध्य उखु किसानका पीडा दिनप्रतिदिन बढ्दै गएका छन् । उखु बेच्न र परिश्रमको भुक्तानी लिन पनि आन्दोलन नै गर्नुपर्ने अवस्था आउनु दुखद् हो । अहिले तराईका धेरै किसानले उत्पादन गरेको उखुले उचित मूल्य पाएको छैन भने उखु मिलहरुले दिनु पर्ने वक्यौता रकम समेत नदिदा किसानहरु मर्कामा छन् । उखु उत्पादन बढाएर देशलाई चिनीमा आत्मनिर्भर बनाउनुपर्नेमा उखु किसानका समस्या कहि कतैबाट सम्बोधन नहुँदा किसान निरास मात्र छैनन् केहीले त उखु खेती नै गर्न छोडिसकेका छन् ।

कृषिलाई व्यवसायिक बनाउनुपर्छ भनि भाषण गरेर नेताहरू थाक्दैनन् ,तर जुन सरकार आए पनि सरकारले कृषिमा खासै केही गर्न सकेको छैन् । वर्षौंदेखि उखु किसान आन्दोलित हुँदा पनि उनीहरुको माग सम्बोधन गर्न सरकार सधैं असफल रहन्छ । पटक–पटकको कष्टकर आन्दोलनपछि सरकारले भुक्तानी सिधै बैंक खातामा जम्मा गरिदिने सहमति गरेको थियो, तर अहिले पनि तराईका धेरै किसानले गत वर्षकै भुक्तानी पाएका छैनन्रु। यता, यो वर्ष सरकारले अहिलेसम्म समर्थन मूल्य तोकिदिएको छैन, त्यसैले किसानले चिनी उद्योगले तोकेको भाउमा र उधारोमा उखु बेच्न बाध्य छन् । मंसिर पहिलो सातादेखि काट्न थालिने उखु केही दिन नबेच्दा तौल घट्ने र कम मूल्य पाइने हुनाले किसानहरूलाई छिटै बेच्न दबाव छ । जसले गर्दा उनीहरु समर्थन मूल्य नतोक्दै सस्तोमा उखु बेच्न बाध्य भएका हुन् । यसरी विना समर्थन मूल्य उखु बेच्दा किसानले नेपाल सरकारले तोकेको मूल्य पाउँदैनन् भने अनुदानबाट समेत बञ्चित बन्ने गर्छन् । सरकारले चिनी मिलमा उखु दिएका किसानलाई मात्र अनुदान दिने गरेको छ । जसका कारण उनीहरु थप समस्यामा छन् । सरकारले छिटो भन्दा छिटो उखुको समर्थन मूल्य तोक्ने र मिल सञ्चालकहरुलाई किसानको बाँकी बक्यौता बुझाउन पहल गर्न सक्नुपर्छ । यसर्थ किसानको मर्का बुझेर उनीहरूप्रति न्याय दिलाउने कुरामा सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

हार्छु या जित्छु त भविष्यले बताउला तर जिन्दगीमा आउने समस्या मेरो लागि समस्या नभएर अवसर बनेको महशुस गरिरहेको छु ।

*(अनमोल भण्डारीको फेसबुक स्टाट https://www.facebook.com/anmol.bhandari.72)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# घट्दो वित्तीय पहुँचले आसन्न चुनौती



रिसव गौतम

नेपालमा बैंकहरूको संख्या घटेको छ तर आकार, फैलावट र पुँजी प्रवाह गर्नसक्ने सामर्थ्य आदि भने बढेको छ । खासगरी नेपाल राष्ट्र बैंकले २०६७ सालपछि बैंक तथा वित्तीय संस्थाहरूलाई मर्जर तथा प्राप्तिको प्रक्रियामा जान प्रोत्साहन गरेबाट बैंकहरूको संख्या घटेको हो । अहिले नेपालमा २० वटा वाणिज्य बैंक, १७ वटा विकास बैंक, १७ वटा नै फाइनान्स कम्पनीहरू रहेका छन् । राष्ट्र बैंकको पछिल्लो तथ्यांकनुसार लघुवित्तहरूको पनि संख्यामा घटेर ५७ वटामा सीमित भएको छ । त्यसबाहेक गैरवर्गीकृत वित्तीय संस्थाका रूपमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी नेपाल इन्फ्रास्टक्चर बैंक अस्तित्वमा रहेको छ । हाल (२०८० असार मसान्तसम्म) बैंक तथा वित्तीय संस्थाहरूबाट कूल ११ हजार ५८९ वटा सेवा केन्द्रहरूमार्फत देशैभर वित्तीय सेवा दिँदै आएको वित्तीय ग्रहक संरक्षणका लागि नेपाल राष्ट्र बैंकबाट गरिएका व्यवस्थासम्बन्धी विवरण पुस्तिकामा उल्लेख छ । यसरी बैंक वित्तीय संस्थाहरूको संख्या घटे पनि उनीहरूका सेवा केन्द्र (शाखाको संख्या) बढेका छन् । देशका सबै जिल्ला, सबैजसो स्थानीय तहमा बैंकहरूको शाखा पुगिसकेका छन् । बैंकहरूको पुँजी बढेसँगै व्यवसाय विस्तारको खातिर प्रतिस्पर्धा पनि बढिरहेको देखिन्छ ।

खासगरी नाफा कमाउने सवालमा बैंक वित्तीय संस्था एकै ठाउँमा छन् । एक अर्काबीच प्रस्तिपर्धा गरिरहेका छन् । साथै बैंक वित्तीय संस्थाहरूले केही केही सामाजिक उत्तरदायित्व वहन पनि गर्दै आएका छन् । केही रकम समाजका विभिन्न क्षेत्रमा सहयोग गर्दै आएका छन् । यद्यपि समग्र बैंकिङ संस्थाहरूको कुरा गर्दा उनीहरूले गरिब तथा किसान वर्गमा भने न्यूनमात्रामा ऋण प्रवाह गरिरहेका देखिन्छन् । उनीहरू सो वर्गमा लगानी नै गर्न रुचाइरहेका छैनन् । गाउँगाउँबाट निक्षेप संकलन गरेर शहरका धनाड्य वर्ग, सीमित उद्योगी-व्यवसायी र कर्मचारी वर्गमा खासगरी निजी क्षेत्रका बैंकहरूले ऋण प्रवाह गरिरहेका छन् । पछिल्लो समय मर्जर तथा प्राप्तिका कारण बलियो बन्दै गएका बैंकहरूले ब्याजदर पनि आफूखुशी निर्धारण गर्न पाएका छन् । त्यसले झन् बैंकहरूको अस्वस्थ्य प्रतिस्पर्धा र कतिपय अवस्थामा सिन्डिकेटले कमजोर वर्गमा ऋण प्रवाह नहुने जोखिम बढाएको छ । बैंकहरू मोटाउँदै गएका छन् अर्थतन्त्र भने जकडिँदै गएको छ । रोजगारी सिर्जना र उत्पादन बढाउन क्रियाशील व्यवसायी पलायन हुने अवस्था सिर्जना हुन थालेको छ । गत आर्थिक वर्षमा बैंकहरूको खराब कर्जा फवात्तै बढेको छ । अहिले धेरैजसो बैंकहरूको खराब कर्जा चार प्रतिशत माथि पुगिसकेको छ तर तल्लो तहमा बैंकहरूले कत्ति पनि ऋण दिँदैनन् र त्यस्ता वर्गप्रति बैंकहरू सहिष्णु छैनन् भन्ने एउटा प्रमाण त मिटरब्याजीविरुद्धको हालसालैका आन्दोलनले पनि प्रकट गर्छ । बैंकहरूले गरिब, किसान, न्यून आय भएका तथा कागजपत्र जुटाउन नसक्नेलाई विगतमा ऋण प्रवाह गरेका हुन्थे भने हजारौं-लाखौं मान्छे पैसाका लागि मिटरब्याजीकोमा पुग्दैनथे । त्यसकारण ऋण प्रवाह गर्ने मानेमा नेपालका बैंकहरू पूर्वाग्रहित एवं एक हिसाबले असफल छन् । नेपाल राष्ट्र बैंकको तथ्याकंनुसार चालु आर्थिक वर्ष २०८० भदौ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूबाट कूल ४९ खर्ब १२ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ । जसमध्ये ३ खर्ब ६५ अर्ब कृषि तथा वन पदैवार क्षेत्रमा गएको देखिन्छ । पछिल्लो जनगणनानुसार २०७८ अनुसार कृषिमा अझै पनि ५० प्रतिशत जनता आश्रित छन् । आधा जनसंख्या कृषिमा आश्रित हुँदा पनि नेपाल खाद्यन्य तथा तरकारी फलफूलमा भारत निर्भर हुनुको कारण कृषिमा बैंकहरूको लगानी आर्कषित नहुनुले पनि हो । खासगरी जे जति जनता कृषिमा प्रत्यक्ष संलग्न छन् उनीहरूमध्ये धेरै त गरिबीको आहालमा डुबेका छन् । नेपालमा अहिले बहुआयामिक गरिबीको पीडामा २८ प्रतिशत नेपाली छन् । उनीहरूमध्ये धेरै त भूमिहीन, उपायहीन छन् । जग्गाजमिन भएकाहरूको पनि कृषि निर्वाहमुखी, सानो र खण्डीकृत छ । त्यही निम्छरो वर्गलाई नेपालका बैंकहरूले कर्जा पत्याउँदैन । माथि तथ्यांकमा उल्लेख गरिएको ३ खर्ब ६५ अर्ब कृषि तथा वन पैदावरमा गएको भनिएको कर्जा पनि व्यावसायिक भनिएका ठूला कृषि फर्महरूमा गएको छ । ती रकमसमेत शीर्षकमा कृषिका लागि गए पनि अन्यन्त्र खर्च भइरहेका छन् तर सरोकारवाला निकायले त्यसको अध्ययन तथा अनुगमन गर्न सकिरहेका छैनन् । कृषिमा बैंकहरूको लगानी कमजोर भएकै कारण हालका वर्षमा चार खर्बभन्दा बढीको कृषि उपजको आयात नेपालले गरिरहेको छ । यद्यपि बैंकिङ मान्यताका हिसाबले जति बढी सानोसानो हिसाबको ऋण प्रवाह गर्न सक्यो त्यति नै जोखिम कम हुने हो । तर, बैंकहरू सीमित ठूला ग्राहकको पछि लागेपछि उनीहरू नै अहिले धक्का व्यहोर्दै छन् र खराब कर्जाको ब्यारोमिटर वर्षेनी बढिरहेको छ ।

**बैंकहरूको नाफा वर्षेनी बढ्दै :** गत आर्थिक वर्ष २०७९/०८० मा सबैजसो बैंकहरूले नाफा बढाएका छन् । गतवर्ष आर्थिक मन्दीको कारण धेरैजसो बैंकहरूको खराब कर्जाको दर बढेपछि लाभांश बाँड्नसक्ने क्षमता अलिक कमजोर देखिन्छ । हाल सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूमध्ये धेरैजसो बैंकहरूको खराब कर्जा अनुपातमा वृद्धि भएको उनीहरूले सार्वजनिक गरेका वित्तीय विवरणले नै देखाएको छ । कतिपय बैंकको ५ प्रतिशत नघाउन नहुने राष्ट्र बैंकको खराब कर्जाको सीमा छुन लागिसकेको अवस्था छ । यद्यपि खराब कर्जाको अनुपात जे भए पनि उठ्न बाँकी ब्याजलाई नाफामा जोड्न पाइने कारण बैंकहरूको नाफामा वृद्धि भएको देखिन्छ । अधिकांश बैंकको खराब कर्जाको अनुपात वृद्धि भएको हिसाबले अर्थतन्त्र बिरामी नै रहेको पुष्टि हुन्छ । बैंकहरूको सम्भावित कर्जा नोक्सानी बापतको प्रोभिजन फन्डमा रकम बढाउनुपर्ने बाध्यताले पनि यसपटक ती बैंकहरू लगानीकर्तालाई सोचेजस्तो लाभांश वितरण गर्नसक्ने अवस्थामा छैनन् तर पनि बैंकहरूको अवस्था चिन्ताजनक होइन । नेपालका अधिकांश बैंकहरूले कमजोर धितोमा लगानी गरेका छैनन् । त्यसकारण बैंकहरूको सावाँ ब्याज डुब्ने अवस्था छैन । गत आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्ममा बाणिज्य बैंकहरूले कूल ७० अर्ब १७ करोड ५९ लाख नाफा कमाएका छन् । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा यी बैंकहरूको नाफा ५५ अर्ब १७ करोड थियो । गत आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्ममा सबैभन्दा बढी नाफा नबिल बैंक, ग्लोबल आइएमई बैंक र एनआइसी एसिया बैंकले कमाएको देखिन्छ । बैंकहरूले गतवर्ष ५ खर्ब १५ अर्ब रुपैयाँ निक्षेप बढाएका छन् भने उनीहरूको खराब कर्जा १ खर्ब १२ अर्बले बढेको देखिन्छ । यसरी ३२ वटा बाणिज्य बैंकहरूको संख्या घटेर अहिले घटेर २० वटा भए पनि चुक्ता पुंजी, निक्षेप र नाफा सबै बढेका छन् । आर्थिक मन्दी र विगतका केही वर्षमा कोरोनाजनित समस्याका कारण बैंकहरूमा खराब कर्जा केही बढे पनि उनीहरू मजबुत हुँदै गएको प्रष्ट देख्न सकिन्छ । त्यसैगरी कुनै बेला ८८ वटासम्म पुगेको विकास बैंकको संख्या अहिले १७ वटामा झरेको छ । राष्ट्र बैंकको मर्जर नीतिका कारण विकास बैंकहरूको संख्या अत्यन्तै खुम्चिएको हो । त्यसमाथि अहिले राष्ट्रियस्तरमा आठवटा मात्र विकास बैंक सञ्चालनमा छन् । जति छन् उनीहरूले पनि वाणिज्य बैंकहरूसरह प्रतिस्पर्धामा उत्रिएका छन् । गत आर्थिक वर्ष २०७९/०८० मा विकास बैंकहरूले कूल ५ अर्ब ७८ करोड नाफा कमाएका छन् । यद्यपि विकास बैंकहरूको गत आर्थिक वर्षमा खराब कर्जा बढेको छ । गतवर्ष विकास बैंकहरूले १४.२९ प्रतिशतले निक्षेप र ८.१६ प्रतिशतले कर्जा बढाएका छन् । आर्थिक मन्दी, तरलता अभावको मार र वाणिज्य बैंकहरूसँगको प्रतिस्पर्धा खेपेका विकास बैंकहरूले आृनो उपस्थिति बलियो बनाएकै देखिन्छ ।

**वित्तीय पहुँच घट्दै :** दक्षिण एसियामै नेपाल अधिक आर्थिक असमानता भएको देशको रूपमा चिनिन्छ । यहाँको राष्ट्रिय आयमा २० प्रतिशत निरपेक्ष गरिब नागरिकको हिस्सा जम्मा ४ प्रतिशत र २० प्रतिशत उपल्ला धनीहरूको हिस्सा करिब ६० प्रतिशत रहेको अध्ययनले देखाउने गरेको छ । खासगरी बैंक तथा वित्तीय संस्था फष्टाएको चार दशकयता आर्थिक असमानता झन् बढेको छ । बैंकहरूले धनीहरूलाई झन् धनी हुन र उनीहरूको वित्तीय व्यवस्थापन एवं सम्पत्ति सुरक्षामा सघाएका देखिन्छन् तर गरिबलाई उनीहरूले पुछेका छैनन् । केही हदसम्म सरकारी लगानी रहेका कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकले गरिब तथा किसान वर्ग लक्षित कर्जा प्रवाह गरे पनि अरूको ध्यान मध्यम तथा धनी वर्गमै छ । हातमुख जोर्न हम्मेहम्मे पर्ने गरिबहरूका लागि सहज, सुलभ र सस्तो कर्जा पाउनु त असम्भव जस्तै छ । बैंकिङ सेवा लिनका लागि आवश्यक प्रक्रिया पूरा गर्न उनीहरू असक्षम छन् । कर्जा प्रवाहका लागि कागजात पुऱ्याउनका राष्ट्र बैंकको कसिलो नीतिले पनि गरिबहरू वित्तीय पहुँचबाट टाढा छन् । बैंक तथा वित्तीय संस्था फगत उच्च तथा मध्यम वर्ग जो शिक्षित छ, जोसँग अलि अलि आम्दानी र रोजगारी छ, जसका ठूला उद्योग व्यवसाय छन् उसैलाई मात्र खोलिएको जस्तो भएका छन् । गरिब तथा किसान वर्गमा कर्जा प्रवाह गर्दै आएको सहकारी तथा लघुवित्तहरू पनि अहिले दलाल, ठग तथा सामन्तहरूको मुठीमा पुगेर उनीहरू नै धनी हुने हतियार बनाइएका छन् । सहकारी क्षेत्र उठ्नै नसक्ने गरी धराशाही भइसकेको छ । गरिब तथा किसान वर्ग पुँजी जोगाड गर्न फेरि पनि मिटरब्याजीकैमा नपुगी नहुने अवस्थाबाट प्रताडित छन् । अहिले पुँजीको बागडोर सम्हालेका बैंकहरूमा कुन वर्गको हालीमुहाली छ भन्ने तथ्य धेरैले बुझेका छन् । समाजवादको डम्फु बजाएर सत्तामा पुगेकाहरूले वित्तीय स्रोतको समन्यायिक पहुँच विस्तार गर्ने सम्बन्धमा अलिकति सोचेका छैनन् । लाखौं लाख युवाहरूले विदेशमा श्रम गरेर पठाएको रेमिट्यान्स् परिचालन र गाउँ-गाउँबाट उठाइएका सानो-सानो अंशको निक्षेपमा खास वर्गको मात्र पहुँच र एकाधिकार बढिरहेको छ । एकाथरी बैंकर र बैंकहरूले अर्बौं नाफा गरे पनि प्रतिशेयर आम्दानी न्यून छ । सोचेजस्तो लाभांश बाँड्न बैंकहरूले सकेका छैनन् भनेर साहु भक्तिगान गाइरहेका छन् तर तिनले बुझ्नुपछर्, धनीहरूको शेयरले अधिक कमाउन नसक्नुभन्दा गरिब तथा किसान वर्गले कर्जा नपाउने अवस्था चिन्ताजनक छ । त्यो आर्थिक विकास र समृद्धि दुवै हिसाबले, गरिबी निवारणको हिसाबले किन नहोस् । वित्तीय स्रोतमा समान पहुँच नहुँदासम्म असमानता घटेर जाने छैन । बैंकहरूको शाखा बढेकै आधारमा राष्ट्र बैंकसमेतले वित्तीय पहुँच बढेको मान्ने गरेको छ तर त्यो कसरी पुष्टि होला ? खासगरी वित्तीय स्रोत आृनो अधिनमा राख्ने धेरैजसो निजी क्षेत्रका बैंकहरूका अध्यक्ष तथा सञ्चालक गनेचुनेका व्यापारीहरू नै छन् । उनीहरूको आसेपासे र भक्तिभाव गाउनेहरूले सजिलै र ठूलो पैमानामा ऋण पाउने अवस्था छ । त्यस कारण जति जति बैंकहरूको संख्या खुम्चिएको छ उति नै वित्तीय स्रोतको पहुँचमाथि असमानता बढेको देखिन्छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थामा खुलेका निक्षेप खाता जनसंख्याभन्दा बढी ५ करोड ११ लाख ७७ हजार ९२३ वटा पुगेका छन् । त्यसको अर्थ सबै नेपालीको पहुँचमा बैंक पुगेको होइन । एकभन्दा बढी बैंकमा खाता खोल्न पाइने कारण जनसंख्याभन्दा बढी निक्षेप खाता पुगेका देखिन्छन् । तर, राष्ट्र बैंककै अनुसार कर्जा खाता भने १८ लाख ४५ हजार २ सय १३ रहेको छ । तथ्यांकीय हिसाबले कूल खातामध्ये चार प्रतिशतले मात्र ऋणको सुविधा पाएका देखिन्छन् । बाँकी ९६ प्रतिशत खातावाला ऋणको पहुँचभन्दा बाहिर छन् । वित्तीय स्रोतमा यसभन्दा भद्दा असमानता अरू के होला ? सीमित वर्गले ऋणमै मोजमस्ती, शुखशयल गरिरहेको छ तर साना-साना उद्यम गरेर, कृषि गरेर केही गरुँला भन्न चाहने ऋणको अवसरबाट वञ्चित देखिन्छन् । योजना आयोग, नेपाल राष्ट्र बैंक र अर्थमन्त्रालयले त्यसतर्फ कहिले सोच्ने ? कहिले होला वित्तीय असमानताको अन्त्य ?**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक कारोवारमा मन्दी आउने छ । मनमा दुविधा उत्पन्न होला । | **तुला** : रमणीय र सुखद् यात्राको हुने छ । धार्मिक यात्राको योगछ । |
| **वृष** : कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । | **वृश्चिक** : साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ । |
| **मिथुन** : रमणीय र सुखद यात्राको योग छ । दैनिक कार्यमा प्रगति हुनेछ । | **धनु** : विद्या र बुद्धिको विकास हुने छ । पारिवारिक भेटघाटमा रमाइनेछ । |
| **कर्कट** : कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोवारमा विवाद आउला । | **मकर** : काम दोहोऱ्याएर गर्दा फाइदा हुनेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **सिंह** : कुनै कुराले मनमा प्रसन्नता छाउने छ । मन अध्यात्मतर्फ आकर्षित बन्नेछ । | **कुम्भ** : मित्रबाट विशेष सहयोग मिल्ने छ । परिवारहरूसित भेटघाट हुनेछ । |
| **कन्या** : मनमा हर्ष, उमङ्ग र उत्साह र हला । रमाइलो यात्राको योग रहेको छ । | **मीन** : नयाँ सामान खरीद गरीनेछ, तर स्वास्थ्यको विशेष ख्याल गर्नुहोला । |

## जना प्रविधि

# पूर्व कर्मचारीले चोरिन् फेसबुकको मिलियन डलर




सामाजिक सञ्जाल फेसबुककी एक पूर्व कर्मचारीले कम्पनीलाई करोडौं डलर ठगी गरेको भेटिएको छ । वास्तवमा, कम्पनीले फेसबुककी एक पूर्व कर्मचारीलाई ४ मिलियन डलर चोरी गरेको आरोपमा दोषी पाएको हो ।

कर्मचारीले विलासितामा यति ठूलो रकम खर्च गरिन् कि उनी क्यालिफोर्निया र जर्जिया गएर पैसा भव्य उडाउने काम गरेको खुलेको छ । अमेरिकामा बार्बरा फार्लो स्माइल्स नामकी महिला फेसबुकमा काम गर्थिन् । अमेरिकी अधिवक्ताको कार्यालयका अनुसार ती महिला कम्पनीमा प्रमुख रणनीतिकारको रूपमा काम गरिरहेकी थिइन् । उनले सन् २०१७ देखि २०२१ सम्म कम्पनीमा काम गरेकी थिइन् । तर, यसैबिचमा उनले पैसा लुट्ने अनौठो तरिका अपनाउन शुरू गरिन् । जसमा उसले ठगी बिक्रेता, नक्कली शुल्क र नगद किक ब्याक आदि योजनामार्फत पैसा चोर्न शुरू गरिन् । उनले कम्पनीको लागि झुटा बिलहरू बनाइन् र कम्पनीले कहिल्यै नपाएको सेवाहरूको लागि पैसा लुट्ने काम गरिन् । प्रेस विज्ञप्तिमा भनिएको छ कि, 'बारबराले विलासी जीवन बिताउन आफ्नो फेसबुक एक्सपेन्स खाता प्रयोग गरेकी थिइन् । उनले यो पैसा क्यालिफोर्निया र जर्जियामा गएर खर्च गरिन् । उनले कपाल स्टाइल, बेबी सिटर र प्रि-स्कुल ट्युशनसहित व्यक्तिगत खर्चको लागि कम्पनी कोषको रकम प्रयोग गरिन् । फेसबुकमा अनुसार बारबराले कम्पनीको क्रेडिट कार्डलाई पे पल, भेन्मो जस्ता डिजिटल पेमेन्ट एपसँग लिंक गरेको थिइन् । त्यसपछि उनले कार्डमा लागू नहुने सेवाहरू प्रयोग गरिन् । महिलाले आफ्ना साथी, आफन्त आदिलाई पनि योजनाको हिस्सा बनाएकी थिइन् । अन्वेषकहरूले भने कि ती महिलाले गलत खर्च रिपोर्ट तयार गरेकी थिइन् ।

त्यसपछि व्यापारीहरूले उनलाई नगद भुक्तानी गरे । जसअनुसार ती महिलाले फेसबुकबाट ४ मिलियन डलर भन्दा बढी चोर्न सफल भइन् ।

**-हाम्रा कुरा डटकम**

# चोरीको आइफोन चलाउन सम्भव नहुने, विशेष फिचर ल्याउँदै एप्पल



आइफोनको लोकप्रियता कसैबाट लुकेको छैन । एप्पल कम्पनीले आफ्नो डिभाइसमा कयौं नवीनता ल्याएको छ, जसलाई प्रयोगकर्ताले रुचाइरहेका छन् । अब एप्पलले एउटा नयाँ फिचर ल्याउँदै छ,जसको मद्दतबाट आइफोनको चोरी निरुत्साहित गर्न सक्छ ।

यस फिचरको नाम 'स्टोलेन डिभाइस प्रोटेक्सन' हो । एप्पलले आइफोन प्रयोगकर्ताका लागि 'आइओएस'को नयाँ संस्करण ल्याउँदैछ । यसमा 'स्टोलेन डिभाइस प्रोटेक्सन' फिचर रहने छ ।

जसले गर्दा कसैले आइफोन चोरेको खण्डमा समेत त्यसलाई सजिलै 'अनलक' गर्न सक्दैन । चोरी भएको आइफोन कसैले पासकोडका माध्यमबाट 'अनलक' गरिहालेको खण्डमा समेत फोनबाट कुनै डेटामा हेरफेर गर्न नसक्ने कम्पनीको दाबी छ । आइफोन चोरी हुनबाट बचाउने र आवश्यक डेटा सुरक्षित राख्नका लागि 'स्टोलेन डिभाइस प्रोटेक्सन' फिचर आफैं अन हुने जनाइएको छ ।

कम्पनीका अनुसार सम्बन्धित प्रयोगकर्ता कहिल्यै नपुगेको लोकेसनमा आइफोन पुगनासाथ उक्त फिचर आफैं 'अन' हुने र प्रयोगकर्ताले उक्त डिभाइस प्रयोग गर्नका लागि 'अथेन्टिकेट' गर्नुपर्ने हुन्छ । 'अथेन्टिकेट'का रुपमा पासकोड र फेस आइडी प्रयोग गर्नुपर्ने हुन्छ ।

एप्पल आइडी परिवर्तन गर्न वा 'फ्याक्ट्री रिसेट' गर्नका लागि पासकोड र फेस आइडी अनिवार्य प्रयोग गर्नुपर्ने हुन्छ, जो चोरीको मोबाइल प्रयोगकर्ताबाट सम्भव हुँदैन । नयाँ लोकेसनमा पुगेको आइफोन एक पटक 'फेस अथेन्टिकेट' फेल भएपछि फेरि त्यो फिचर खुल्न एक घण्टा कुर्नुपर्ने हुन्छ ।

**-रातोपाटी डटकम**


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०९/०२**

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/०९/०१ गतेको निर्णय तथा तिनाउ गाउँपालिकाको २०८०/०९/०१ गते च.नं. ४३९ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको २०८०/०९/०२ गतेको च.नं. ५८३ को अनुमति पत्रानुसार तपसिल अनुसारको शिक्षकको अस्थायी करार नियुक्तिको लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.** : ०१/०८०/०८१, **तह** : प्रा.वि. तृत्तिय, **पद** : करार शिक्षक
**पद संख्या** : १ जना, **शैक्षिक योग्यता** : आई.एड वा सो सरह
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०९/०२ गते देखि २०८०/०९/१६ गते कार्यालय समयभित्र, **सर्म्पक मिति** : २०८०/०९/१६ गते (कार्यालय समय भित्र)
**आवश्यक कागजातहरू** :शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि, र हस्तलिखित निवेदन २/२ प्रति ।,
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर** : रु. ५००/-
**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता
**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।**
**सम्पर्क मोवाइल नं.** : प्र.अं ९८६३२९५४२६, अध्यक्ष ९८४७४५१७६५

**श्री जन प्राथमिक विद्यालय**
तिनाउ गाउँपालिका-१, कचल, पाल्पा


# जनवरीबाट बन्द हुँदै छ गुगल टिभी

Google TV™

गुगलले आफ्नो लोकप्रिय सर्भिसको रुपमा रहेको गुगल टिभी बन्द गर्ने भएको छ । सन् २०२० मा लन्च भएको गुगल टिभी आगामी जनवरीदेखि बन्द गर्ने तयारी गुगलेको छ ।

लन्च भएको सुरुआतमा निकै आकर्षण पैदा गरेको गुगल टिभीले समय बित्दै जाँदा आफ्नो लोकप्रियतालाई कायम राख्न सकेको थिएन । यस्तो अवस्थाका बीच गुगलले यसलाई बनद गर्ने निधो गरेको हो । गुगल टिभीसँगै गुगल प्ले मूभिज एण्ड टिभी एपलाई जोडिएको थियो । अर्थात् गुगल प्ले मूभिज तथा टिभीका डेटालाई गुगल टिभीमा सारिएको थियो । यस विषयमा गुगलले जानकारी गराएको छ र सोही अनुसार गुगल टिभी एपलाई हटाइएको छ । तथापि यो एप हाल एन्ड्रोइड टिभी तथा वेब सर्भिसमा उपलब्ध रहेको भए पनि प्रयोग भने गर्न नसकिने गुगलले आफ्नो सपोर्ट पेजमा उल्लेख गरेको छ । अर्थात् यदि तपाईले गुगल प्ले मूभी वा गुगल टिभी प्रयोग गर्ने गर्नुभएको छ भने अब यो एन्ड्रोइड टिभीमा उपलब्ध हुनेछैन । तर, यसको युट्युब भने गुगल टिभीमा उपलब्ध रहेको छ । यो सर्भिस आगामी जनवरी १७ देखि बन्द हुनेछ । स्मरण रहोस् गुगलले यसअघि गुगल प्लस, गुगल प्ले म्युजिक, गुगल अल्लो लगायतका विभिन्न सर्भिस बनद गरिसकेको छ ।

**-अनलाइन खबर डटकम**

# टाटा ग्रुपले नयाँ आइफोन एसेम्बली प्लान्ट बनाउने



टाटा ग्रुपले भारतमा देशकै सबैभन्दा ठूलो आइफोन एसेम्बली प्लान्ट बनाउने भएको छ । भारतीय सञ्चार माध्यमहरुका अनुसार टाटा रुपले भारतको तमिल नाडुस्थित होसुरमा नयाँ उत्पादन प्लान्ट बनाउने भएको हो ।

यस आइफोन फ्याक्ट्रीमा २० एसेम्बली लाइन हुने अनुमान छ । यहाँबाट दुई वर्षको अवधिमा ५० हजारभन्दा बढी मानिसले रोजगारी समेत प्राप्त गर्ने अनुमान विभिन्न रिपोर्टमा उल्लेख छ । नयाँ प्लान्ट अबको १२ देखि १८ महिनाभित्र सञ्चालनमा ल्याउने लक्ष्य टाटाले राखेको छ ।

टाटा ग्रुपले गत अक्टोबरमा मात्रै बैंगलोरमा रहेको विस्ट्रो एसेम्बली प्लान्ट १२५ मिलियन अमेरिकी डलरमा प्राप्ति गरेको थियो । जससँगै भारतको पहिलो घरेलु आइफोन निर्माता कम्पनी टाटा ग्रुप बनेको थियो । अब भने टाटा ग्रुप देशकै सबैभन्दा ठूलो आइफोन एसेम्ब्ली प्लान्ट निर्माण गर्ने लक्ष्यमा छ । यसबाहेक टाटाले देशभर एप्पलका उत्पादनहरू खरिद-बिक्री एवम् मर्मतमा केन्द्रित रहने एक सयवटा रिटेल आउटलेट समेत सञ्चालन गर्ने योजना बनाएको छ । एप्पलले पछिल्लो समय भारतबाट आफ्नो उत्पादन बढाइरहेको छ । हालै सार्वजनिक आइफोन १५ पनि भारतबाटै उत्पादन भई अन्य अन्तर्राष्ट्रिय बजारमा निर्यात हुँदैछन् । चीनमा रहेको फक्सकन कम्पनीले भारतमा यसैको लागि पनि ठूलो मात्रामा लगानी गरिरहेको छ । स्थानीय बजारबाट उत्पादन हुने हुँदा भारतमा एप्पलका उत्पादनहरूको मूल्य समेत घट्ने अनुमान छ । टाटा इलेक्ट्रोनिक्सले लामो समयदेखि आइफोन उत्पादनमा विशेषत: चासो देखाएको छ ।

**-सेतोपाटी डटकम**

# जेफ बेजोसले १० हजार वर्ष चल्ने घडी बनाउँदै



विश्वका धनाढ्य अमेजन ईकमर्सका संस्थापक जेफ बेजोसले अमेरिकाको टेक्सास राज्यको एक पश्चिमी पहाडमा १० हजार वर्ष चल्ने घडीमा लगानी गरिरहेका छन् ।

१० हजार वर्षसम्मको समय जनाउने उक्त स्मारक घडी निर्माणका लागि बेजोसले चार करोड २० लाख अमेरिकी डलर लगानी गरिरहेका हुन् । यो घडी कम्प्युटर वैज्ञानिक एवं आविष्कारक ड्यानी हिलिसले डिजाइन गरिरहेका छन् । इन्जिनियरिङको एक आश्चर्य र कलाकृतिको उदाहरणका रूपमा समेत घडी निर्माण भइरहेको हो । यो एक मेकानिकल यन्त्र हो । यो पृथ्वीको थर्मल चक्रको शक्ति प्रयोग गरेर चल्ने बताइएको छ । यसमा सोलार सिंक्रोनाइजर, पेन्डुलम, चाइम जेनरेटर र गियर एवं डायलहरू समावेश छ । यसको उचाई करिब १५२ मिटर (५०० फिट) रहेको छ । घडी हरेक दिउँसो सूर्यसँग सिंक्रोनाइज हुने र यसले वर्ष, शताब्दी र हजार वर्ष (सहस्राब्दी)को रेकर्ड राख्ने छ ।

यसमा २५ लाख पटक फरक फरक घण्टी बज्ने चाइम जेनेरेटर समेत रहेको छ । घडीमा पनि पाँचवटा कोठा जस्तै वार्षिकोत्सव कक्ष रहेको र पहिलोले एक वर्ष, दोस्रोले १० वर्ष, तेस्रोले १०० वर्ष, चौथोले एक हजार वर्ष र पाँचौंले १० हजार वर्षको संकेत गर्छ । कक्षहरूमा समय सम्बन्धित कलाकृति र मानवताको भविष्यबारे सन्देश राखिनेछन् । पहिलो कक्षमा सौर्यमण्डलको मोडेल राखिने र अन्य कक्षा भविष्यका पुस्ताले भर्नेछन् । मानवताको उज्ज्वल भविष्य र दीर्घकालीन सोचका साथ ड्यानी हिलिसको दर्शनबाट प्रेरित भएर बेजोसले यसमा लगानी गरिरहेको बताइएको छ । हाल निर्माणकै क्रममा रहेको यो घडी कहिले बनीसक्छ भन्ने मिति सार्वजनिक भएको छैन ।

**-बाह्रखरी डटकम**

लुम्बिनी प्रदेशसभा

# विषयगत समितिका सभापतिको निर्वाचन हुने मिति तोकियो



**बुटवल,**पुस २/लुम्बिनी प्रदेशसभामा विषयगत समितिका सभापति चयनका लागि निर्वाचन मिति तोकिएको छ । पुस १६ गते विषयगत समितिको सभापतिको उम्मेदवारी दर्ता र १७ गते निर्वाचन गर्ने गरी मिति तोकिएको लुम्बिनी प्रदेश सभाले जारी गरेको सूचनामा उल्लेख छ ।

लुम्बिनीमा ६ वटा विषयगत समिति छन् । समितिको सदस्य मनोनयन भए पनि सभापति चयन लामो सययसम्म भएका थिएनन् । जसअनुसार अब सार्वजनिक लेखा समिति ,कृषि, वन तथा वातावरण, अर्थ उद्योग तथा पर्यटन समिति, भौतिक पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र प्रदेश मामिला तथा कानुन समितिको सभापतिको निर्वाचन हुने छ । लुम्बिनी प्रदेशमा दुई वटा सरकार गठन भइसके पनि प्रदेश सभाको संसदीय समिति सभापति चयन हुन नसक्दा आलोचना समेत हुँदै आएको छ । सत्तारुढ गठबन्धनभित्र भागबन्डा नमिल्दा विषयगत समितिमा सभापति चयन हुन नसकेको हो । अहिलेसम्म समितिको बैठक जेष्ठ सदस्यको अध्यक्षतामा बस्दै आएको छ । २०७४ सालको प्रदेशसभा नियमावलीमा सभापतिको निर्वाचन नभएको अवस्थामा ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक बस्ने, बैठक बसेको एक महिनाभित्र सभापतिको निर्वाचन गर्ने प्रावधान थियो । तर, २०७९ सालमा बनेको प्रदेशसभा नियमावलीमा सभापति चयन नहुँदासम्म ज्येष्ठ सदस्यले बैठकको सभापतित्व गर्ने उल्लेख भएकाले सोही अनुसार बैठक बस्दै आएको हो । संसदीय समितिका सभापति सर्वसम्मत रूपमा चयन गर्ने प्रयासस्वरुप प्रतिपक्षलाई पनि सहमतिमा ल्याउन पहल गरे पनि लामो समय हुँदा सहमति नभएपति निर्वाचन गर्न लागिएको हो ।

# सकियो यस वर्षको विवाह पञ्चमी

**पाल्पा,** पुस २/सप्ताहव्यापी कार्यक्रमको आयोजनासँगै यस वर्षको विवाहपञ्चमी महोत्सव सकिएको छ । सोमबार रामकलेवा विधि भएसँगै यस वर्षको विवाहपञ्चमी महोत्सव सकिएको हो ।

आइतबार राति वैदिक परम्पराअनुसार प्रतिकात्मक भगवान् राम र सीताको विवाह जानकी मन्दिरमा भएपछि सोमबार रामकलेवा विधि गरियो । विवाहपञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौं दिन मटकोर, छैटौं दिन स्वयंवर र राति वैवाहिक कार्यक्रम, सातौं तथा अन्तिम दिन रामकलेवा विधि गरी महोत्सव सम्पन्न हुन्छ ।

त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीका दिन भगवान् राम र सीताको विवाह भएको सम्झनामा देशभर विवाह पञ्चमी महोत्सव मनायने गरिन्छ । द्धत्रेतायुगमा मिथिलाको राजधानी जनकपुरधाममा भगवान सीता र रामको विवाह भएको मान्यताका आधारमा उत्सव मनाउने गरिएको हो । मिथिलावासीले यस पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । त्रेतायुगमा मिथिलाका राजा जनकले छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीनटुक्रा पारेपछि मंसिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको धार्मिक ग्रन्थ रामायणमा उल्लेख छ ।

मंसिर २६ गतेबाट विधिवत सुरु भएको सीताराम विवाहपञ्चमी सोमबार विधिवत रुपमा सकिएको हो । यस अवसरमा देशभरका राम मन्दिरमा समेत विवाह महोत्सव भएको थियो ।

# पर्यटक लोभ्याउने...

... अवलोकन गर्न जाने व्यक्तिले वडा कार्यालयमा सम्पर्क गरेर जाने गरेका छन् । वशिष्ठ ऋषिले तपस्या गरी बसोबास गरेको र त्रेतयुगमा भगवान् रामचन्द्र वनबास जाने क्रममा कालीगण्डकी नदीको तटमा अवस्थित रामघाटमा नुहाउने र कालीगण्डकी नदी नजिकै रहेको वशिष्ठ गुफामा तपस्या गरेर बसेको पौराणिक किंवदन्ती रहेको छ ।

रामपुर नगरपालिका-४ र ५ को सिमानामा परेकाले दुवै वडाको पर्यटन विकासमा यस गुफाले टेवा पुऱ्याउनेछ । गुफालाई व्यवस्थित गर्दै यहाँ पानीपोखरी, रोपवे, घरबास (होमस्टे) लगायतका पूर्वाधार विकासका कार्य थप गर्दै जाने योजना रहेको रामपुर-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले बताए । 'गुफामात्र नभई यस क्षेत्रमा आवश्यक पूर्वाधार विकासका काम गर्दै जाने योजनाअनुसार अगाडि बढेका छौँ, प्राकृतिक वातावरणमा रमाउनका लागि हिजोआज युवायुवतीको आकर्षण बढ्दै जाँदा यो क्षेत्र पर्यटकीय गन्तव्यस्थल बन्नेछ', उनले भने । वडाध्यक्ष पोखरेलका अनुसार गुफानजिकै रहेको कालीगण्डकी नदीको रामघाट क्षेत्रमा तीनमुखे झोलुङ्गे पुल निर्माण गर्ने योजना रहेको छ । तीनमुखे पुल बनेपछि यहाँको धार्मिक क्षेत्र रामघाट, कोप्चेघाट, नदीपारि स्याङ्जाको चापाकोट नगरपालिकामा अवस्थित रामजानकी मन्दिर जोडिने भएकाले महत्वपूर्ण धार्मिक पर्यटनको गन्तव्यस्थल बन्ने समाजसेवी मोहन राना बताउन्छन् । विसं २०७५ को वैशाख तेस्रो हप्ता फेला परेको अनौठो प्रकृतिको गुफा हेर्नेको धेरै मानिसको आकर्षण बढ्यो । गुफा फेला परेपछि अवलोकन गर्न जानेको भीड बढ्न थालेपछि रामपुर नगरपालिकाले सुरक्षा व्यवस्थालाई मध्यनजर राख्दै गुफा बन्द गरेर राखेको थियो । विज्ञबाट अध्ययन अनुसन्धान भएपछि गुफालाई व्यवस्थित गर्दै ढोका लगाएर राख्ने गरिएको छ । पहिला यहाँ गुफा छ भन्ने सामान्य जानकारी भए पनि ठूला खालका गुफा रहेको कसैलाई पनि जानकारी थिएन । स्थानीयवासीले बाहिरी भागमा सानो दुलो देखेपछि खोजी गर्ने क्रममा भित्र पसेर अनुसन्धान गरेपछि गुफा रहेको पत्ता लागेको हो । कृत्रिम पूर्वाधार खडा गरी ठाउँ-ठाउँमा पर्यटन पूर्वाधारका कार्य भइरहेका छन् । अन्यत्र स्थानमा कृत्रिम ताल, गुफा निर्माण गरी पर्यटक भित्र्याउने होडबाजी चलिरहेको छ । आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन, आफ्नो गाउँठाउँको प्रचार-प्रसारका लागि धेरै लगानीमा पर्यटन पूर्वाधारका कार्यलाई प्राथमिकता दिन थालिएको छ । प्राकृतिकरूपमा सम्भावना बोकेका पौराणिक, ऐतिहासिक, धार्मिक क्षेत्रको विकासमा महत्व दिन सकियो भने यसबाट धेरै फाइदा लिन सकिनेछ । रामपुर नगरपालिकाको गौरवको योजनामा यस गुफालाई समेटिएको छ । **-रासस**

खेलकुद समाचार

# प्रधानमन्त्री कप पुरुष क्रिकेटको छनोट



**काठमाडौं,** पुस २/प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि बागमती प्रदेशको काठमाडौं जिल्ला छनोटमा १२ टोलीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा हुने छनोट प्रतियोगिता ३ पुसदेखि मूलपानी क्रिकेट मैदानमा हुनेछ । सहभागी १२ टिमलाई चार समूहमा विभाजन गरिएको छ । समूह ए मा ग्रेट हिमालयन क्रिकेट एकेडेमी, बालुवाटार क्रिकेट क्लब र पुष्पलाल स्पोर्ट्स क्लब छन् । समूह बी मा क्रिकेट एक्सिलेन्स सेन्टर, ओएसिस क्रिकेट एकेडेमी र जेम्स थण्डर क्रिकेट एकेडेमी छन् । समूह सी मा नेक्सस क्रिकेट एकेडेमी, न्यु भिजन क्लब र डीएभी क्रिकेट एकेडेमी तथा समूह डी मा महावीर क्लब, हिमालयन क्रिकेट एकेडेमी र परेवर ब्वाइज क्लब छन् । प्रतियोगिताको खेलहरु लिगकम नकआउटको आधारमा खेलाइनेछ र समूह चरणका सबै खेलहरु २५ ओभरको खेल काठमाडौं जिल्ला क्रिकेट संघले जनाएको छ । चारवटै समूहको शीर्ष स्थानमा रहने टोली सेमिफाइनल प्रवेश गर्नेछन् । सेमिफाइनल र फाइनल खेल भने ५० ओभरको हुनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याटर, उत्कृष्ट बलरलाई श्रेष्ठ टेलरिङको प्रायोजनमा सुट तथा आइटीएल ब्रान्डको मोबाइल प्रदान गरिनेछ । यस्तै प्रत्येक खेलको प्लेअर अफ दि म्याचलाई आइटीएल ब्रान्डको मोबाइल दिने आयोजकले जनाएको छ ।


वर्गिकृत डिस्प्ले


१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्से ३८ अंकले बढ्यो



**पाल्पा,** पुस २/केही दिन यता सुस्ताएको शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार भने ३८ अंक बढीले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३८ दशमलव १४ अंकले बढेको हो ।

नेप्से बढेसँगै दुई हजार ६० दशमलव ४९ मा पुगेको छ । नेप्से बढेसँगै कारोबार रकम पनि आइतबारको तुलनामा बढेको छ । अघिल्लो कारोबार दिन आइतबार ५ अर्ब १५ करोड ७८ लाख ४६ हजार ९सय ७९ रुपैयाँको सेयर कारोबार भएको थियो । सो दिन नेप्से परिसूचक २७.७५ अंकले बढेर २ हजार २२ दशमलव ३५ विन्दुमा बन्द भएको हो । सोमबार नेप्से बढेसँगै ६ अर्ब ८६ करोड ८१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । कुल २ करोड १४ लाख ९७ हजार ६१९ सेयर खरिदबिक्री भएको हो । कारोबारमा आएकामध्ये १ सय ६५ कम्पनीको सेयर मूल्य बढ्यो, ७२ वटाको घट्यो र ५ वटा कम्पनीको सेयर मूल्य स्थिर छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक नौ दशमलव ५६ अंकले उकालो लागेर तीन सय ९० दशमलव ६३ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये एक उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ । कूल दुई करोड १४ लाख ९७ हजार छ सय १९ कित्ता शेयर छ अर्ब ८६ करोड ८१ लाख ७७ हजार पाँच सय ५६ मूल्यमा कारोबार भएको हो । नेप्सेका अनुसार, कारोबार भएकामध्ये हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको २६ करोड २६ लाख ७४ हजार चार सय ७२ बराबरको कारोबार भएको छ । सोनापुर मिनरल्स २० करोड २८ लाख ४६ हजार दुई सय १४, सोल्टी होटल १८ करोड ४३ हजार ४७ हजार, शिवम् सिमेन्ट १६ करोड ८३ लाख ९६ हजार पाँच सय ९७ र घोराही सिमेन्ट १४ करोड ३३ लाख २० हजार छ सय ६२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बोटलर्स नेपाल, सूर्यज्योति लाइफ इन्स्योरेन्स, स्वरोजगार लघुवित्त विकास बैंक, जीवन विकास लघुवित्त, बीपीडब्ल्यू लघुवित्त वित्तीय संस्था, हाथवे इन्भेस्टमेन्ट, मुक्तिनाथ कृषि कम्पनी, नेरुडे लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।


जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौँ

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौँ,
- न्यानो कपडा लगाऔँ,
- घाम वा आगो तापौँ,
- तेल मालिस गरौँ,
- शारिरीक व्यायाम गरौँ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौँ,
- ताजा र पौष्टिक खानेकुरा खाऔँ,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौँ,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई